STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १५ गते शनिबार ❑ 29 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## कांग्रेसमा ३७ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति गठन

रासस
काठमाडौं, १४ माघ

नेपाली कांग्रेसले ३७ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति गठन गरेको छ । पार्टीको आज भर्चुअल माध्यमबाट सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले सो निर्णय गरेको पार्टी कार्यालयले जनाएको छ ।

कार्यसम्पादन समितिमा प्रधानमन्त्री एवं सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, भीष्मराज आङदेम्बे, उमाकान्त चौधरी, महेन्द्र यादव, महालक्ष्मी उपाध्याय डिना, किशोर सिंह राठौर, बद्रीप्रसाद पाण्डे र जीवन परियार सदस्य रहनुभएको छ । यसैगरी समितिमा नेताहरू गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा शशांक कोइराला, चित्रलेखा यादव, डा रामशरण महत, अर्जुननरसिंह केसी, डा प्रकाशशरण महत, सुनिलबहादुर थापा, डा शेखर कोइराला, बलबहादुर केसी, बालकृष्ण खाण, ज्ञानेन्द्रबहादुर कार्की, उमा रेग्मी, रमेश रिजाल, डा नारायण खड्का, जीपछिरिङ लामा, सुजाता कोइराला, एनपी साउद, जीवनबहादुर शाही र आनन्दप्रसाद ढुङ्गाना रहनुभएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । सभापति देउवाको अध्यक्षतामा सम्पन्न बैठकमा उहाँका साथ उपसभापतिद्वय खड्का र गुरुङ, तथा महामन्त्रिद्वय थापा र शर्मा केन्द्रीय कार्यालयमा सहभागी हुनुहुन्थ्यो । सभापति देउवाको निर्देशनबमोजिम महामन्त्री थापाले बैठकमा प्रस्तुत गर्नुभएको समिति गठनसम्बन्धी प्रस्ताव पारित गरिएको थियो ।

काग्रेस विधानको दफा २३ अनुसार केन्द्रीय कार्यसम्पादन समितिमा केन्द्रीय कार्यसमितिका सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्री पदेन सदस्य हुने व्यवस्था छ । त्यस्तै सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्तसमेतलाई ध्यानमा राखी केन्द्रीय कार्यसम्पादन समितिका लागि ३१ सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्ने विधानमा व्यवस्था भएको तर आजको बैठकमा सभापति देउवाले २४ को नाम मात्रै प्रस्तुत गर्नुभएको थियो । संसदीय दलको नेता र केन्द्रीय प्रवक्ता कार्यसम्पादन समितिको पदेन सदस्य हुन्छन् ।

काग्रेसमा हाल सभापति, उपसभापति, महामन्त्री र सहमहामन्त्री गरी १३ पदाधिकारी छन् भने कोषाध्यक्ष र प्रवक्ता मनोनित हुन बाँकी छ । कांग्रेस संसदीय दलको नेता हाल सभापति देउवा नै भएकाले केन्द्रीय कार्यसम्पादन समिति ४६ सदस्यीय बन्नेछ । पार्टीको १४औँ महाधिवेशनमा १३४ पदाधिकारी र सदस्यको निर्वाचन भएको थियो भने ३३ सदस्य केन्द्रीय सभापतिले मनोनित गर्ने विधानमा व्यवस्था छ । त्यसमध्ये सभापति देउवाले विधानबमोजिम १३ सदस्य मनोनित गरिसक्नुभएको छ ।

## ओरालो लाग्दै स्याङ्जाको जनसंख्या

श्रीकृष्ण सिरदेल
स्याङ्जा, १४ माघ

राष्ट्रिय जनगणना २०७८ मा स्याङ्जाको जनसंख्या ओरालो लागेको देखिएको छ । २०६८ मा भएको जनगणना र २०७८ मा भएको जनगणनाको नतिजा हेर्दा स्याङ्जामा १० बर्षपछि जनसंख्यामा बृद्धिदर निकै ऋणात्मक देखिएको हो । केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको प्रारम्भिक नतिजाले स्याङ्जाको नतिजामा माइनस १.२१ बृद्धिदर देखाएको छ । यो आधारले हेर्दा स्याङ्जाको जनसंख्याको बृद्धिदर निकै कमजोर देखिएको छ । २०७८ को जनगणनामा स्याङ्जाको जनसंख्या २ लाख ५४ हजार ९ सय ६५ रहेको छ । ठिक १० बर्ष अगाडी २०६८ सालमा गरिएको जनगणनामा स्याङ्जाको जनसंख्या २ लाख ८९ हजार १ सय ४८ रहेको थियो । १० बर्ष पछि २०७८ सालमा गरिएको जनगणनाले ३४ हजार १ सय ९३ कम जनसंख्या देखाएको छ ।

२०६८ सालमा गरिएको जनगणनाले पनि जिल्लाको जनसंख्या चिन्ताजनक देखाएको थियो भने १० बर्ष पछि गरिएको जनगणनाले झनै चिन्ताजनक अवस्था देखाएको छ । प्रारम्भिक नतिजा अनुसार स्याङ्जामा पुरुषको संख्या १ लाख १८ हजार ७६ रहेको छ भने महिलाको संख्या १ लाख ३६ हजार ८ सय ८९ रहेको छ । तुलानात्मक रुपमा स्याङ्जामा महिलाको संख्या बढी देखिएको छ । विभागले देखाएको तथ्याङ्कमा घर परिवार संख्या ७० हजार ७ सय २१ रहेको छ भने जनगणना घर संख्या ६२ हजार ८ सय ६७ रहेको छ । नेपालकै जनसंख्या सन्तोषजन नभएको टिप्पणी आइरहेका बेला स्याङ्जामा पनि जनसंख्याको बृद्धिदर क्रमश घट्दो अवस्थामा आएको छ । जनसंख्या घट्नुमा जन्म, मृत्यु र बसाइसराईको आधारमा हुने तथ्याङक कार्यालय स्याङ्जाका सुचना अधिकारी राजेन्द्र पराजुलीले बताए । जिल्लाको जनसंख्याको बृद्धिदर निकै चिन्ताजनक अवस्थामा देखियो सुचना अधिकारी पराजुलीले भने,'यसको गहनरुपमा अध्ययन गर्न जरुरी देखिएको छ ।' बेलैमा सरोकारवालानिकायहरुलेअध्ययन नगर्ने हो भने आउने दिनमा अझै विकरालसमस्याआउनसक्छउनले भने । रोजगारीका लागि युवाहरु विदेशीने, ढिलो बैवाहिक सम्बन्ध गास्ने, महिलाहरुमा रोजगारी बढ्दो र एक सन्तान मात्रै जन्माउने कारणहरु पनि जनसंख्या बृद्धिदरमा कमी आउन सक्ने विश्लेषण गरिएको छ । यो प्रारम्भिक नतिजा भएकाले सबै फाइनल नतिजा आएपछि अध्ययन गरेर जनसंख्या बृद्धिदर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'सेवा प्रभावकारिताको लागि साधन स्रोत आवश्यक छ'

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जनताको सुरक्षा एवं संविधानको रक्षार्थ प्रहरी सङ्गठनलाई पूर्वाधार सम्पन्न गराउनु पर्नेमा जोड दिनुभएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्की परिसरमा दुईवटा आवास, भान्साघर र हिरासत गरी छुट्टाछुट्टै चारवटा सुविधायुक्त पक्की भवनको आज उद्घाटन गर्दै उहाँले पूर्वाधारले सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

साधन स्रोतको अभावमा अपेक्षित सेवा दिन नसकिने उल्लेख गर्दै उहाँले समय सापेक्ष नवीनतम प्रविधिसँगै पूर्वाधार निर्माण गरी सङ्गठनलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

सङ्गठनलाई प्रभावकारी रूपमा अघि बढाउनकै लागि विभिन्न ६२७ युनिटहरू थप गरिएको जानकारी दिँदै उहाँले त्यसका लागि २३ हजार जनशक्ति आवश्यक हुने बताउनुभयो । आफ्नो इमान्दारितारजिम्मेवारीकालागिसबैले आत्मसात गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रहरी महानिरीक्षक



थापाले कुनै पनि काम विशेषमा नचुकेमा सङ्गठन झुक्न नपर्ने विश्वास व्यक्त गर्नुभयो । आम सर्वसाधारणले प्रहरी सङ्गठनप्रति आशा एवं विश्वास गरेको प्रसङ्ग उल्लेख गर्दै उहाँले मुलुकको शान्ति सुरक्षाको जिम्मा लिएको सङ्गठनले सामाजिक सञ्जालका आधारमा आफ्ना धारणा बताउन नहुनेमा जोड दिनुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले शान्ति सुरक्षालाई प्रभावकारी बनाउन प्रहरी सङ्गठनलाई पनि पूर्वाधार एवं प्रविधि सम्पन्न बनाउनुपर्नेमा जोड दिँदै महानगरपालिकाले पूर्वाधार सम्पन्न बनाउन आफ्नो तर्फबाट निरन्तर साथ र सहयोग गरिरहेको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जनताको जीउधनको सुरक्षार्थ खटिने प्रहरी पूर्वाधार अभावका कारण आफैँ असुरक्षित हुने अवस्था हुन नहुनेमा जोड दिँदै त्यसका लागि राज्यले आवश्यकता अनुसारको पूर्वाधार तयार गरिदिनुपर्ने बताउनुभयो ।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दिवेश दोहनीले प्रहरीले साङ्गठानिक जिम्मेवारी पूरा गर्दै सङ्घ र प्रदेश सरकारको आर्थिक सहयोगमा आवश्यकताअनुसार भौतिक पूर्वाधार निर्माण कार्यलाई निन्तरता दिँदै आएको जानकारी दिनुभयो । कास्की प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश थापाले चुस्तदुरुस्त सेवा प्रवाह गर्न भौतिक संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै पोखरामा अध्याधिक रहेको लागुऔषध ओसारपोसारसम्बन्धी गतिविधि नियन्त्रणमा प्रहरीले प्राथमिकतामा राखेर अघि बढेको बताउनुभयो ।

नेपाल सरकारको रु सात करोड छ लाख ११ हजार ८४२ को लागतमा उक्त चार वटा सुविधान सम्पन्न भवन निर्माण सम्पन्न गरिएको प्राविधि प्रहरी नायब उपरीक्षक केविनजङ्ग थापाले जानकारी दिनुभयो । उहाँका अनुसार नवनिर्मितचारवटाभवनमामहिला तथा पुरुष ब्यारेक, सिनियर र जुनियर कर्मचारी आवास कक्ष, दुई वटा महिलासहित पाँच वटा हिरासत कक्ष, ८० जना क्षमताको भान्छा घरलगायत रहेका छन् ।

प्रहरी कार्यालय निर्माण सहयोग गर्ने पन्थी डेरिका सञ्चालक रेशम पन्थीलगायत निर्माणमा सहयोग गर्ने विभिन्न सङ्घसंस्था, निर्माण व्यावसायिक र प्रहरी अधिकृत तथा जवानलाई कदरपत्रले सम्मान गरिएको थियो ।

## छ हजारभन्दा बढीमा संक्रमण, १० को निधन

रासस
काठमाडौं, १४ माघ

छ हजार ८२७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको बुलेटिनमा १९ हजार ८६९ परीक्षण गर्दा छ हजार ८२७ जनामा सङ्क्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या ८९ हजार ९४१ पुगेको छ । एकै दिन पाँच हजार ४३२ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुने सङ्ख्या आठ लाख ४२ हजार ३३६ पुगेको छ । यो दर ८९.२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

विगत २४ घण्टामा १० जनाको सङ्क्रमणको कारणले निधन भएको जानकारी दिनुभयो । अहिलेसम्म ११ हजार ६९७ को सङ्क्रमणका कारणले निधन भएको छ । यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला २० पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, सप्तरी, सिराहा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, नुवाकोट, कास्की, नवलपरासीपूर्व, तनहुँ, बाके, रुपन्देही, दाङ र कैलाली रहेका छन् । २०० भन्दा बढी सङ्क्रमित भएका १८ जिल्ला रहेका छन् । ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, गोरखा, स्याङ्जा, बागलुङ, पाल्पा, गुल्मी, बर्दिया, नवलपरासी पश्चिम, सुर्खेत र कञ्चनपुर रहेका छन् । हाल होम आइसोलेशनमा ८८ हजार ०४, संस्थागत आइसोलेशनमा एक हजार ८५७, आइसियुमा २५६ र भेन्टिलेटरमा ४५ को उपचार हुँदैछ ।

विगत २४ घण्टामा आज एक लाख २८ हजार ५६३ जनाले खोप लगाएका छन् । यस्तै अहिलेसम्म कोरोना भाइरस विरुद्धको बुस्टर डोज दुई लाख ९९ हजार नौ मात्रा लगाइएको छन् ।

## 'खोप अभियानले दोस्रो तथा तेस्रो लहरमा हुनसक्ने जोखिमलाई कम हुने'

रासस
काठमाडौं, १४ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोरोना भाइरस विरुद्धको खोप अभियानले दोस्रो तथा तेस्रो लहरमा हुनसक्ने निकै ठूलो जोखिमलाई कम गर्न सकिएको बताउनुभएको छ ।

खोप अभियान सञ्चालन एक वर्ष पुगेको अवसरमा आज सबैलाई धन्यवाद दिँदै उहाँले भन्नुभयो, "हामी सबै को प्रयासले ठूला सम्भावित जोखिमहरूलाई कम गर्दै हामी पुस्ताको यो सबैभन्दा चुनौतीपूर्ण महामारीबाट बाहिर आउन सबै को सहयोग अपरिहार्य रह्यो ।" गतवर्ष आजकै दिनदेखि कोरोना भाइरस विरुद्धको खोप अभियान सञ्चालन भएको थियो ।

"नेपाल खोप उत्पादक देशहरूभन्दा पछि खोप अभियान सुरुआत गर्ने विश्वका सीमित देशमा सबैभन्दा अगाडि रहेको थियो", उहाँले भन्नुभएकोछानेपालमाकोभिसिल्ड, अस्ट्राजेनेका, भरोसेल, जोन्सन एण्ड जोन्सन, मोडर्ना, फाइजर खोप प्रयोगमा ल्याइएको छ । विगत दुई वर्षदेखि कोभिड-१९ सङ्क्रमण विश्वव्यापी चुनौती बन्दै गरेको उल्लेख गर्दै उहाँले सरकारले सबै उपाय अवलम्बन गरेर नागरिकको जीवनरक्षा गर्ने उपाय गरिरहेको बताउनुभएको छ । आजसम्ममा १२ वर्ष माथिमा सबैका लागि खोप अभियान सुरु गरिसकिएको भन्दै उहाँले नेपालमा चार करोड २० लाख ८९ हजार ५४० मात्रा खोप विभिन्न विधिबाट प्राप्त भएको र तिमध्ये तीन करोड छ हजार चार हजार १५२ मात्रा प्रयोग भइसकेका छ ।

अठार वर्ष माथिका लक्षित जनसङ्ख्याको ७० प्रतिशत जनसङ्ख्याले पूर्ण मात्रा र ८३ प्रतिशतले एक मात्रा खोप लगाइसकेका छन् । बाह्र वर्षदेखि १७ वर्षका १८ लाख ७२ हजार ६७० जना बालबालिकाले पहिलो मात्रा र तीन लाख ५८ हजार २१८ बालबालिकाले पूर्ण मात्रा खोप लगाइसकेका

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आहा रारा गोल्ड कपको उपाधिका लागि मनाङ र एपिएफ बिच प्रतिष्प्रर्धा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ माघ**

पोखरामा जारी २० औं संस्करणको आहा रारा गोल्ड कप फुटवल प्रतियोगिताको उपाधिको लागि मनाङ मर्स्याङ्दी क्लव र विभागिय टोली सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लब बीच शनिबार फाइनल खेल हुने भएको छ । उपाधि सहित नगद १० लाख पुरस्कारको लागि पोखरा रंगशालामा शनिबार करिब १:०० बजे पछि फाइनल खेल हुने भएको आयोजक सहारा क्लवले जनाएको छ।

एपिएफका प्रशिक्षक कुमार थापाले सहाराले कोरोना महामारीका बीच प्रतियोगितालाई निरन्तरता दिएमा खुसि व्यक्त गर्दै आफुहरु पनि आहा राराको तयारीमा जुटेको दाबी गरे । पोखरामा शुक्रबार भएको प्रिम्याच कन्फिरेन्समा बोल्दै थापाले थापाले यसपटक प्रतियोगितामा आफ्नो् टोलीले उत्कृष्ट खेल प्रर्दशन गर्ने दाबी गरे। ३ खेलको अनुभव लिइसकेकाले थप सफलताका लागि सहज हुने उनको भनाई थियो। एपिएफका कप्तान नविन लामाले आहा रारा गोल्डकप जित्ने आफ्नो सानै देखिएको सपना रहेको स्मरण गरे। मनाङका प्रशिक्षक फुजाले आफुहरुको लागि पोखराको मैदान फापेको स्विकार्दै एपिएफको सेटका ४ खेलाडी फाइनल खेलमा खेल्न नपाउनुले आफुहरुलाई केही सहज हुने सक्ने जनाए । एपिएफले पनि



धैरै मेहेनत गरेको बताउदै उनले खेल सुरु भएसंगै अबस्था हेरी तत्काल रणनिती परिवर्तन गर्ने तयारीमा आफुहरु भएको जनाए। अघिल्ला खेलमा दुई वटा पहेलो कार्ड पाएका कारण एपिएफका विदेशी खेलाडी अदमा डोम्बिया, कप्तान सविन थापा, प्रदीप लामा र आभाष लामिछानेले फाइनल गुमाउने छन्।

आहा राराको इतिहासमा यस अघि १४ बर्ष अघि २०६४ सालमा छैटौ आहा रारामा फाइनलमा पुगेर पनि उपाधि जित्न नसकेको एपिएफले यसपाली २ जना विदेशी खेलाडी सहित उपाधि जित्ने दाउमा रहेको छ। पोखरेलीको प्रिय टिम तथा पोखरा रंगशाला फाप्दै आएको मनाङलाई आहा रारामा पनि सर्वाधिक सफलता हासिल गरेको टिम हो। क्याराभान गोल्ड कप देखि २० औं आहा रारासम्म १२ पटक फाइनलमा प्रबेस गरेको मनाङले ६ पटक उपाधि माथि कब्जा जमाउन सफल भएको टिम हो। छैटौ आहा रारामा नेपाल पुलिस क्लवसंग फइनलमा २–० ले पराजित भएको एपिएफले धैरै पटक आहा रारामा सहभागि जनाए पनि यसपाली दोश्रो पटक फाइनलमा यात्रा बनाउन सफल भएको हो। हाल पोखरामा भएको राष्ट्रिय लिगका तीन खेलमा जित हात पारेको मनाङले दोश्रो, तेश्रो, १० औं, १४ औं, १५ र १८ औं संस्करणको आहा राराको उपाधि आफ्नो पोल्टामा पार्न सफल भएको छ। क्याराभान गोल्ड कप, ५ औं, ९ औं, १२ औं र १३ औं आहा राराको फाइनलमा प्रबेश गरेको मनाङले अन्य आहा रारामा सहभागि हुने टिम मध्य सर्वाधिक सफलता हासिल गरेको टिमको रुपमा आफुलाई अब्बल सावित गर्न सफल भएको छ। मनाङको खेलमा स्वभाविक रुपमा पोखरा रंगशालामा दर्शकहरुको सङ्ख्या पनि बढेको पाइन्छ।

यस्तै उपविजेताले पाँच लाख एक हजार र मेडल पुरस्कार पुरस्कार प्राप्त गर्नेछन् भने प्रतियोगिताको उत्कृष्ट पाँच विधाका खेलाडीलाई जनही २५ हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिने क्लवले जनाएको छ। एपिएफले थ्रिस्टार क्लबलाई सेमिफाइनलमा पराजित गदै फाइनल यात्रा बनाउदा त्रिभुवन आर्मी क्बललाई टाइब्रेकरमा पराजित गर्दै मनाङले फाइनलमा यात्रा बनाएको हो । पहिलो सेमिफाइनलमा एपिएफले लिग विजेता मछिन्द्र क्लवलाई पराजित गरेको हो भने मनाङले नेपाल पुलिसलाई पराजित गदै सेमिफाइनलमा यात्रा बनाएको थियो । एपिएफले उद्घाटन खेलमा आयोजक सहारा क्लब र क्वारफाइनलमा पाहुना टोली अमेरिकाको बिवाईएससी क्लब मिनेसोनाटालाई पराजित गरेको थियो। प्रि–क्वाटरफाइनल खेलमा पुलिसले हिमालयन शेर्पालाई सडेन डेथमा पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको थियो । मनाङले भने सिधै क्वाटरफाइनलमा यात्रा पाएको थियो । यही माघ ६ गते देखि पोखरामा संचालन भएको उक्त प्रतियोगितामा एक विदेशी सहित १० टिमको सहभागिता रहेको थियो। क्लवले सेमिफाइनल र फाइनल खेलमा एक तिहाई दर्शकलाई आवश्यक स्वास्थ्य मापदण्ड पालना गराउदै प्रबेश गराएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए। उक्त आहा राराबाट बचत भएकोरकमसहाराएकेडेमीमारहेका बालकहरुकोभरणपोषणमाखर्चिने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताए।

# कमलपोखरीको रक्तदानमा ५७ युनिट संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ माघ**

पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा भएको रक्तदान कार्यक्रममा ५७ युनिट रगत संकलन भएको छ।

कारोनाका कारण रगतको कमी हुन सक्ने भन्दै सहकारीले आकस्मिक रक्तदान गरेको कार्यक्रम संयोजक टिका पराजुलीले वताइन। कमलपोखरी बचत तथा ऋण सहकारीका पुर्व अध्यक्ष एवं प्रा.तारानाथ बरालले पहिलो रक्तदाता प्रभा कुँवर र शान्ति केसीलाइ ब्लड ब्याग प्रदान गरेर कार्यक्रम सुरु गरिएको थियो । रक्तसंचार कास्कीका प्रमुख अर्जुन ज्ञबालीको समुहले प्राविधिक सहयोग गरेको थियो । कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार टुवराज बास्तोला, कोषाध्यक्ष रमेश कुमार झा, सन्चालक समितिका सदस्य भबसागर बराल, ऋण सदस्य शिब प्रसाद बराल, समाजसेबी माधव सिग्देल, मुस्लिम युवा संघका अध्यक्ष अफज अलि र पाटनबेसी टोल बिकास संस्थाका अध्यक्ष रबि बराल लगाएतले



शुभकामना दिएका थिए।

सो कार्यक्रममा वडा नं १३ को हरेक सामाजिक कार्यमा अग्र पंक्तिमा रहेकी सकरात्मक सोचले भरीपूर्ण सरस्वती रानाभाटले पनि १२ औ पटक रक्तदान गरिन्। रगत दिएपछि जीवनमा आँफूले सवै भन्दा ठूलो सहयोग गरेकोमा खुशी व्यक्त गरिन सरस्वतीले । ओतप्रोत भएकी कविता वरालले सहकारीका सात सिद्धान्त वाचन गरी सुरु गरिएको कार्यक्रममा सहकारीका उपाध्यक्ष युवराज त्रिपाठीले स्वागत र संस्थाका सचिव ईन्द कुवंरले संचालन गरेका सहकारीका संचालक समितिका सदस्य कुमार केसीले पोखरापत्रलाइ वताए।

# माझकोट स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर सञ्चालन

**पोखरापत्र संवाददाता**
**वालिङ, १४ माघ**

स्याङ्जाको वालिङ नगरपालिका-३ माझकोट स्वास्थ्यचौकीमा 'बर्थिङ सेन्टर' स्थापना गरी सेवा दिन थालिएको छ । बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै गर्भवतीले स्वास्थ्य मापदण्डअनुसार गर्नुपर्ने स्वास्थ्य परीक्षणसँगै संस्थागत सुत्केरी हुने क्रम बढेको स्वास्थ्यचौकी प्रमुख सङ्गीता गहतराजले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "बर्थिङ सेन्टर स्थापना भई सेवा प्रवाह थालेसँगै अहिले गर्भवतीहरू नियमित स्वास्थ्य चौकीमा आउने क्रम बढेको छ।" घरघरमै वा वालिङ, पोखरा लगायतका अस्पतालमा गएर सुत्केरी हुने गरेकामा अहिले भने गर्भवती भएदेखि नै नियमित स्वास्थ्यकर्मीको परामर्शअनुसार स्वास्थ्य परीक्षणमा आउने गरेका उहाँले जानकारी दिनुभयो।

"गर्भवती भएदेखि नै उहाँहरूको तथ्याङ्क राखेर नियमित निगरानी र आवश्यक परामर्श गरिरहेका हुन्छौं," उहाँले भन्नुभयो, "बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै सुत्केरी हुन स्वास्थ्य संस्थामा आउनुभएका महिलाहरूलाई अहिलेसम्म फर्काउनुपरेको छैन।" बजारदेखि अलिक टाढा र यातायातका दृष्टिले भनेको समयमा सवारी साधनहरू नपाइने समस्याले गर्भवतीलाई बोकेर वालिङ लैजानुपर्ने अवस्था थियो अहिले भने त्यो समस्या समाधान भएको वडाध्यक्ष एवं स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्ष सुकबहादुर गुरुङले जानकारी दिनुभयो।

"पहिला बाटोघाटोको पनि असुविधा थियो, समयमा गाडी पाइँदैनथ्यो, लैजाँदालैजाँदै बाटोमै सुत्केरी हुने अवस्था थियो," उहाँले भन्नुभयो, "स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर स्थापनासँगै तालिमप्राप्त नर्सले यहीँ नै सेवा दिनुहुन्छ यसले गर्दा यहाँका स्थानीयवासीलाई सहज भएको छ।" गत वर्षदेखि स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर स्थापना गरी सेवा थप गरेसँगै घरमै सुत्केरी हुने वा अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य भएको वडाध्यक्ष गुरुङ बताउनुभयो।

विकट र ग्रामीण भेग भएकाले स्वास्थ्यको पहुँचलाई ग्रामीण भेगसम्म विस्तार गर्नुपर्छ भन्ने लागेर माझकोट स्वास्थ्यचौकीमा बर्थिङ सेन्टरको सेवा थप गरिएको वालिङ नगरपालिका स्वास्थ्य शाखाप्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले जानकारी दिनुभयो । "बर्थिङ सेन्टरका लागि आवश्यक पर्ने पूर्वाधार, उपकरणहरूको व्यवस्था गरेका छौँ," उहाँले भन्नुभयो, "अत्याधुनिक उपकरणहरूसहित स्वास्थ्यकर्मीलाई तालिम दिएका छौँ जसका कारण सेवा प्रभावकारी भएको छ भने स्थानीयवासीलाई सहज पनि भएको छ।" माझकोट स्वास्थ्य चौकीमा सञ्चालनमा ल्याइएको बर्थिङ सेन्टरका लागि स्याङ्जा परिवार दक्षिणकोरिया किम्हे बुसान शाखाले स्वास्थ्य उपकरणहरू उपलब्ध गराएको शाखाका निवर्तमान अध्यक्ष जीवलाल काफ्लेले जानकारी दिनुभयो । ग्रामीण भेगमा सहज र संस्थागतरूपमा सुत्केरी गराउनका लागि आवश्यक उपकरणहरू शाखाले स्वास्थ्यचौकीलाई उपलब्ध गराएको थियो।

## ओरालो...

बढाउन लाग्नु पर्ने पराजुलीले सुझाएका छन्। आवद्यिक नीति, योजना तथा कार्यक्रम तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गर्नका लागि राष्ट्रिय जनगणना आवश्यक पर्ने हुन्छ । जसले जिल्लाको योजना तर्जुमा समेत टेवा पुग्ने गर्छ।

जनसंख्याको बृद्धिदर घट्ने मात्रै अवस्था आयो भने यस्ता बिषयमा निकै घाटा हुने विज्ञहरु बताउछन् । ११ पालिका रहेको स्याङ्जामा सबै भन्दा बढी जनसंख्या वालिङ नगरपालिकामा रहेको देखिएको छ भने फेदिखोला गाँउपालिकामा सबै भन्दा थोरै जनसंख्या देखिएको छ। वालिङ नगरपालिकामा ५० हजार ९ सय २२ र फेदिखोलामा १० हजार ७ सय ८६ जनसंख्या रहेको तथ्याङ्कले देखाएको छ।नगरपालिकाहरु मध्ये सबै भन्दा थोरै गल्याङ नगरपालिका रहेको छ। गल्याङ नगरपालिकाको जनसंख्या २१ हजार १ सय २५ रहेको छ। यसै गरी गाँउपालिकाहरुमा सबै भन्दा धैरै जनसंख्या कालीगण्डकी गाँउपालिका रहेको छ । कालीगण्डकी गाँउपालिकामा १८ हजार ८ जनसंख्या रहेको तथ्याङ्कले देखाएको छ।

जिल्लाको पुतलीबजारको ४२ हजार ७९, भीरकोटको २२ हजार ६ सय १७, चापाकोटको २२ हजार ७ सय ८७ र आँधीखोला गाँउपालिकाको १४ हजार ९४, अर्जुनचौपारी गाँउपालिकाको १४ हजार ९४, हरिनास गाँउपालिकाको १२ हजार ९ सय ७९, बिरुवा गाँउपालिकाको १२ हजार ९ सय जनसंख्या रहेको तथ्याङ्क विभागले जनाएको छ। बुधवार प्रकाशन गरेको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० रहेको छ। जसमा पुरुषको संख्या १ करोड ४२ लाख ९१ हजार ३ सय ११ र महिलाको संख्या १ करोड ४९ लाख १ हजार १ सय ६९ रहेको विभागले सार्वजनिक गरेको प्रारम्भिक नतिजामा देखाइएको छ।

## खोप...

छन् । अग्रपङ्क्तिमा रहेर काम गर्नुपर्ने पेशाका झण्डै तीन लाखलाई अतिरिक्त मात्रा खाप लगाइसकिएको छ।

मन्त्री खतिवडाले कोभिड-१९ सङ्क्रमणको जोखिम कायमै रहेको उल्लेख गर्दै अझै धैरै जनालाई खोप लगाउन बाँकी रहनुभएकाले खोप अभियानलाई तीव्रताका साथ अगाडि बढाउन र बाँकी उमेर समूहलाई खोपको व्यवस्थापन गर्नुपर्ने रहेको बताउनुभयो।

खोप तथा खोपजन्य सामग्रीको विश्वव्यापी चुनौतीका बीच खोप अभियानलाई सुचारु गर्न केन्द्र, प्रदेश, स्थानीय तहको सहयोग र सहजीकरण गर्नुहुने सबै राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घ, संस्था, निकाय, जनप्रतिनिधि, खोप व्यवस्थापन तथा समन्वयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलगायत सबैमा मन्त्री खतिवडाले हार्दिक आभार प्रकट गर्न भएको छ।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्पर्क:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**

**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# डढेलो र वन्यजन्तु बीमा पीडित परिवारको सहारा बन्दै

-हरि बास्तोला

**गण्डकी, १४ माघ**

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले सञ्चालन गरेको डढेलो र वन्यजन्तु आक्रमण बीमा पीडित परिवारका लागि सहारा बनेको छ। वनमा लाग्ने डढेलो नियन्त्रण तथा वन्यजन्तुको आक्रमणका कारण ज्यान गुमाएका परिवार र घाइते व्यक्तिले महासङ्घले गरेको बीमामार्फत प्राप्त रकमबाट उपभोक्ताले केही हदसम्म भए पनि राहतको महसुस गरेका हुन्।

मुलुकमा बर्सेनि हिउँदका समयमा सामुदायिक वनमा लाग्ने डढेलो एवम् वन्यजन्तु आक्रमणबाट जनधनको क्षति हुने गरेको हुँदा महासङ्घले दुःखमा परेका उपभोक्ताको राहतका लागि २०७५ सालदेखि बीमाको व्यवस्था गर्दै आएको छ। पीडित परिवारलाई रु एक लाख र घाइतेको उपचारका लागि १० हजारको बीमा गरिएको महासङ्घका केन्द्रीय सचिव ठाकुर भण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार नेपाल सरकारबाट वन्यजन्तुको आक्रमणबाट मृत्यु हुने प्रतिव्यक्तिको परिवारलाई रु १० लाख राहत उपलब्ध गराउँदै आएको छ। सरकार र महासङ्घद्वारा गरिएको बीमाको दोहोरो नपर्ने गरी पीडितले सुविधा पाउने व्यवस्था गरिएको छ। मुलुकभरिका सामुदायिक वन समूहका उपभोक्ताको ५० जनाको मृत्यु तथा १०० जनासम्मको घाइते उपचारका लागि महासङ्घले वार्षिक रु चार लाख बराबरको प्रमु बीमा कम्पनीसँग सम्झौता गरेको उहाँको भनाइ छ।

महासङ्घले चालु आर्थिक वर्षमा जङ्गली जनावरको आक्रमणबाट ज्यान गुमाएका एकजनासहित वनमा लागेको आगो नियन्त्रणमा परी सातजनाको मृत्यु भएकामा पीडित परिवारले बीमामार्फत जनही रु एक/एक लाख प्राप्त गरेको जनाउँदै उहाँले भन्नुभयो, "वन्यजन्तुको आक्रमणबाट पाँच र डढेलोबाट घाइते भएका १७ जनाले रु १० हजार दरले बीमाबापतको उपचार खर्च सम्बन्धित जिल्ला महासङ्घमार्फत प्राप्त गरिसकेका छन् ।" आगलागी र वन्यजन्तुबाट बर्दिया बाजुरा, सुर्खेत, पाल्पा, डोटी, गोरखा, मोरङ, अछाम, रुकुम पश्चिम, खोटाङ, बाँके, खर्घाखाँची लगायतका विभिन्न जिल्लाका १३ जनाको मृत्यु भएको र नौजना घाइते भएका व्यक्ति तथा परिवारले बीमाबापतको सुविधा प्राप्त गरेका थिए । जसमा आगलागीमा परी सातजनाको मृत्यु र आठजना घाइते भएका थिए भने वन्यजन्तुको आक्रमणबाट पाँचजनाको मृत्यु र एकजना घाइतेले सुविधा लिएका थिए।

बीमा रकम हस्तान्तरण

महासङ्घले गोरखा जिल्लामा डढेलोमा परी ज्यान गुमाएका एक वृद्धाको परिवारलाई बीमाबापतको रकम प्रदान गरेको छ । आरुघाट गाउँपालिका-७ स्थित सातदोबाटो सामुदायिक वन समूहमा लागेको डढेलोमा परी ज्यान गुमाएका मोहनबहादुर फेवाली मगरकी धर्मपत्नी पार्वतीदेवी फेवालीलाई बीमाबापतको रु एक लाख राहत रकम उपलब्ध गराएको हो। भीषण डढेलोबाट जङ्गलको बीच भागमा रहेको भैँसीगोठ र परालको टौवा बचाउन खोज्दा ६१ वर्षीय फेवालीको आगोले जलेर गत वैशाख ७ गते राति घटनास्थलमै मृत्यु भएको थियो।

महासङ्घका केन्द्रीय सदस्य नरबहादुर गुरुङ, गोरखाका अध्यक्ष कमलप्रसाद लामिछाने, खारुघाट गाउँपालिका-७ का वडाध्यक्ष रणबहादुर बराम, स्थानीय महासङ्घका अध्यक्ष कृष्ण काप्री लगायतले उक्त रकम बराबरको चेक पीडित पार्वतीदेवी फवालीलाई सामूहिक रूपमा हस्तान्तरण गर्नुभएको महासङ्घका कोषाध्यक्ष पार्वती पाठकले जानकारी दिनुभयो।

यसअघि डढेलो नियन्त्रण गर्ने क्रममा मृत्यु भएका गोरखाकै शहीद लखन गाउँपालिका घलेडाँडा रानाखोला सामुदायिक वन समूहका उपभोक्ता पहलमान श्रेष्ठको परिवारलाई पनि बीमाबापतको रु एक लाख हस्तान्तरण गरिएको उहाँको भनाइ छ।

यसअघि डढेलो नियन्त्रण गर्ने क्रममा मृत्यु भएका शहीद लगन गाउँपालिका घलेडाँडा रानाखोला सामुदायिक वन समूहका उपभोक्ता पहलमान श्रेष्ठको परिवारलाई पनि बीमाबापतको रु एक लाख हस्तान्तरण गरिएको थियो। वन नियमावली २०७८ को मस्यौदा, प्रदेश वन ऐन र संरक्षित वन क्षेत्र विस्तार, तेहेरो कर र वन पैदावार सदुपयोगमा लगाएको प्रतिबन्ध हटाउन महासङ्घले सरकारसँग माग गरेको छ।

# मुग्लिङ पोखरा सडक विस्तार : तनहुँ खण्डमा धमाधम रुख कटान

-कृष्ण न्यौपाने

**दमौली, १४ माघ**

मुग्लिङ पोखरा सडक विस्तार योजना अन्तर्गत तनहुँ खण्डमा धमाधम रुख कटान भइरहेको छ । पृथ्वीराजमार्ग अन्तर्गत तनहुँ खण्डमा सडकका दायाँबायाँ रहेका रुख कटानलाई तीव्र पारिएको हो।

मुग्लिङ पोखरा सडक चार लेन बनाउने योजना अन्तर्गत सडक क्षेत्रभित्र पर्ने रुख हटाउन थालिएको मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड) का प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो। "पूर्वी खण्ड अन्तर्गत जामुनेदेखि आँबुखैरेनीसम्म करिब ५० प्रतिशत रुख काटिसकिएको छ," उहाँले भन्नुभयो, "रुख कटान सकिएलगत्तै बाँकी कामलाई पनि अगाडी बढाउँछौ।" उहाँका अनुसार आयोजनाले बाटो चौडा गर्ने कामलाई पनि अगाडी बढाइरहेको छ।

जामुनेदेखि पोखरासम्मको खण्डमा तीन हजार एक ६३ रुख कटान गर्नुपर्नेमा हालसम्म एक हजार आठ सय रुख कटान गरिएको छ। पश्चिम खण्डको ठेक्का सम्झौता केही पछि भएकाले यस खण्डमा काम सुरु गर्न केही ढिलाइ भएको थियो। रुख कटानपछि बिजुलीका पोल स्थानान्तरण र घर टहरा हटाउन सुरु गरिने बताइएको छ।

सडक विस्तारका क्रममा तनहुँ खण्डमा ६ हजार सात सय ५० रुख हटाउनुपर्ने हुन्छ। सडक आयोजनाले रुख काटेर वन कार्यालयलाई बुझाउने डिभिजन वन कार्यालयका सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो।

सो सडक विस्तार योजनालाई दुई खण्डमा विभाजन गरेर अगाडी बढाइएको छ । जामुनेदेखि आँबुखैरेनीसम्म र जामुनेदेखि पोखरासम्म खण्डमा विभाजन गरी ठेक्का लगाइएको छ। विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । असी किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ । आँबुखैरेनी-जामुने पूर्वी खण्डको ४१.४५ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। जामुने-पोखरा पश्चिम खण्डको ३९ किलोमिटरको ठेक्का चिनियाँ कम्पनी यनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ। आँबुखैरेनी-जामुने पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठे

ठेक्का लागेको छ।

मुग्लिन पोखरा सडक योजना पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का पाएको यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यस खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाखमा ठेक्का लागेको छ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाईको सडक बन्नेछ । डिजाईन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाई ४६ मिटरको हुनेछ।

सडक चार लेनको बन्दा अहिले भएका पुलको ठाउँमा नयाँ पुल बन्नेछ। आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण गर्नुपर्ने आयोजनाले जनाएको छ। ३१ मध्ये दमौलीस्थित मादी नदी र पोखरास्थिती सेती नदीमा पुल निर्माणको ठेक्का लगाउन बाँकी रहेको छ। अन्य २९ पुल दुई प्याकेजमा लगाइएको ठेक्का अन्तर्गत नै निर्माण हुनेछ।

# कालीगण्डकी कोरिडोर कालोपत्र गर्न ढिलाइ

-तारानाथ आचार्य

**बागलुङ, १४ माघ**

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर बागलुङ खण्ड कालोपत्रको काम सुरु हुन केही समय लाग्ने भएको छ । नेपाली सेनाले ट्र्याक खोलेर हस्तान्तरण गरेको दुवै खण्ड कालोपत्रका लागि प्रक्रिया सुरु गर्न समय लागेको हो।

राष्ट्रिय चासोको सडक भए पनि स्तरोन्नति र कालोपत्रको काममा ढिलाइ भएको हो । मालढुङ्गादेखि बलेवासम्मको खण्ड सेनाले दुई वर्षअघि हस्तान्तरण गरेको भए पनि कालोपत्रका लागि ठेक्का लगाउन दोहोरो योजनाको झन्झट छ। गत आर्थिक वर्षमा सडक विभागले सडक डिभिजन कार्यालय बागलुङमार्फत रु पाँच करोडमा स्तरोन्नतिको ठेक्का लगाएपछि करिडोर आयोजनाले उक्त १० किलोमिटर खण्डमा कालोपत्रको प्रक्रिया अघि बढाएको छैन।

डिभिजन कार्यालयका अनुसार आउँदो चैत मसान्तसम्म स्तरोन्नतिका लागि जिम्मेवारी पाएको निर्माण कम्पनीको म्याद छ । समयमै काम सकिए अर्को आर्थिक वर्षमा मात्रै करिडोर आयोजनाले कालोपत्रका लागि बोलपत्र आह्वान गर्न पाउनेछ। भौतिक प्रगति ६७ प्रतिशत रहेको स्तरोन्नतिको काम समयमा सकिनेमा डिभिजन विश्वस्त छ।

बलेवा विमानस्थल र दक्षिण बागलुङका लागि बाह्रैमास चल्नसक्ने मुख्य सडकका रूपमा रहेको यो खण्ड कालोपत्रका लागि राजनीतिक दल तथा जनप्रतिनिधिले दबाब दिएका छन् । विमानस्थल कालोपत्र भइरहेकाले यो खण्ड कालोपत्र हुँदा विमानस्थल सञ्चालनमा सहज हुने स्थानीयवासीको आश छ।

गत असार १ गते बागलुङ नगरपालिका-१०, भकुण्डेको एक्लेसालमा आएको पहिराले क्षति पुर्‍याएको करिडोर मर्मत गरेर चलिरहेको छ । समयमा यो खण्डको मर्मत नभए आउँदो वर्षा पुनः पहिराको चपेटामा पर्ने स्थानीय विकास शर्मा बताउनुहुन्छ। बलेवादेखि जैमिनी नगरपालिका-८, छिस्तीको पालुङ्खोलासम्मको सडक आयोजनाले लिएको ६ महिना पूरा भएको छ। बहुवर्षे योजना स्वीकृतका लागि योजना आयोगमा पठाएको फाइल हेर्न आयोगले समय लगाएपछि काम अघि नबढेको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका इन्जिनियर सरोज ढकालले बताउनुभयो।

"सेनाले हस्तान्तरण गरेपछि आयोजनाको डिपिआर बनाउने काम भएको छ, कतै दोहोरो योजना हुने भएकाले काम रोकिएको छ, कुनै खण्डको बहुवर्षे स्वीकृत प्राप्त भएको छैन," ढकालले भन्नुभयो, "वातावरणीय परीक्षणको काम चलिरहेकाले अब छिट्टै स्वीकृत हुने पर्खाइमा छौँ।" करिडोरको ३८ किलोमिटर खण्ड बागलुङमा पर्छ। यो सडक कालोपत्र हुँदा जिल्लाको दक्षिणमा सडक सञ्जाल सहज हुनेछ।

योजना आयोगले स्वीकृति दिएपछि अर्थमन्त्रालयले करिडोरको फाइल हेर्नेछ । "हामीले स्वीकृति पाएर अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति पाउँनेबित्तिकै बोलपत्रको काम अघि बढ्छ," आयोजना पाल्पा कार्यालयका प्रमुख कल्पना अधिकारीले भन्नुभयो, "राष्ट्रिय गौरवको आयोजना भएकाले बजेटको अभाव हुँदैन।" अर्को वर्ष खर्च गर्ने गरी पर्याप्त बजेट रहेको उहाँले बताउनुभयो।

पहिलो चरणमा ट्र्याक खोलेको सेनाले दोस्रो चरणमा स्तरोन्नति गरेर १० मिटर चौडा गर्ने जिम्मेवारी पाएको थियो । समयमै काम सकेर हस्तान्तरण गरेको सेनाले वर्षाको समयमा बाढीपहिराका कारण क्षति भएको सडकसमेत मर्मत गरेको छ। "हामीले असारमा बुझाएका हौँ, औपचारिक रूपमा असारदेखि कोरिडोर छोडे पनि सडक चल्न सक्ने बनाएर हिउँद लागेपछि हाम्रो क्याम्प त्यहाँबाट उठ्यो," सेनाको निर्माण कार्यदलका सह-सेनानी शालिक नेपालले भन्नुभयो, "हामीले हिउँदभरि निर्बाध चल्ने बनाएर करिडोर छोडेका छौँ।"

रिडोरको तत्काल स्तरोन्नति र कालोपत्रका लागि बागलुङका राजनीतिक दलले ध्यानाकर्षण गराउँदै आएका छन् । नेपाली कांग्रेस र नेकपा (एमाले)को बैठकले निर्णय नै गरेर करिडोरको काम चुस्त बनाउन आग्रह गरेका छन्।

# परीक्षणमध्ये ६० प्रतिशतमा संक्रमण

**रासस**

**काठमाडौं, १४ माघ**

काठमाडौं महानगरपालिकामा परीक्षण गर्ने गरेका मध्ये ६० प्रतिशत नागरिकमा कोरोना भाइरस सङ्क्रमण देखिने गरेको बताइएको छ । अहिले महामारी तीव्र रुपमा फैलिएकाले परीक्षण गर्न आउने बढेका र आएका मध्ये ५५ देखि ६० प्रतिशतमा सङ्क्रमण देखिन थालेको कमपाको भनाइ छ।

कारोना बढेकालेनै कामपाले अहिले ३२ वटै वडाबाट परीक्षण गरिरहेको छ । अहिले परीक्षण दर पनि बढेको छ दैनिक झण्डै एक हजार जना कामपामा मात्रै परीक्षण गर्न आउछन्। सङ्क्रमण बढेपनि विगतको समयमा जस्तो जटिल किसिमको बिरामीहरु नआएको र आएपनि तयारी अवस्थामा रहेको कामपा प्रवक्ता ईश्वरमान डङ्गोलले जानकारी दिनुभयो । उहाँका अनुसार कोरोना महामारीको पहिलो र दोस्रो चरणमा प्रयोग भएका निःशुल्क सञ्चालन गरिएका आइसोलेसन र क्वारेन्टिन स्थलहरू यस पटक पनि आवश्यक परेको खण्डमा तयारी अवस्थामा राखिएको छ। डङ्गोलले भन्नुभयो, "हामीले त्यसका लागि गृहमन्त्री, विभिन्न अस्पताल र नेपाली सेनासँग छलफल गरेका छौँ", "हामीले नेपाली सेना र अस्पतालहरूलाई तयारी अवस्थामा रहन भनेका छौँ। हामी पनि तयारी अवस्थामा छौँ । आवश्यक पर्‍यो भने तुरुन्तै निःशुल्क आइसोलेसन र क्वारेन्टिनहरू सञ्चालन गर्नेछौँ।" महानगरवासीलाई थप केही जटिल भयो भने कामपाको ३२ वटै वडामा सञ्चालित स्वास्थ्य क्लिनिक र स्वास्थ्य विभागमा सम्पर्क गर्न पनि आग्रह गरिएको छ।

# श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान सरकारको अपिल

**रासस**

**काठमाडौं, १४ माघ**

भिजिट भिसामा खाडीलगायत मुलुक पुगेर कयौँ नेपाली अलपत्र परेका विषय सार्वजनिक भएसँगै सरकारले श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान अपिल गरेको छ।

वैदेशिक रोजगारीको प्रलोभन देखाएर पर्यटन तथा अन्य भिसामा खाडी क्षेत्रका विभिन्न मुलुक, दक्षिणपूर्वी एसियाली मुलुक, युरोपेली तथा अमेरिकी मुलुक र अफ्रिकी महादेशका केही देशहरूमा गैरकानूनी रूपमा पुर्‍याई नेपाली नागरिकलाई अलपत्र पारेको, ठगीमा परेको, विभिन्न समस्या तथा अप्ठ्यारामा परेको गुनासो आइरहेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सो अपिल गरेको हो।

राम्रो रोजगारी र आकर्षक तलब सुविधा पाउने लोभमा कानूनले तोकेको प्रक्रियाभन्दा बाहिरबाट वैदेशिक रोजगारीमा जान नमिल्नेतर्फ ध्यानाकर्षण गराउँदै मन्त्रालयले गन्तव्य मुलुकका बारेमा पूर्ण जानकारी लिई नियमअनुसार श्रम स्वीकृति प्राप्त गरी मात्र वैदेशिक रोजगारीमा जान आग्रह गरेको हो । वैदेशिक रोजगारीको प्रलोभन देखाइ विदेशका कयौँ मुलुकमा नेपाली नागरिकलाई अलपत्र पारेको भनी इजाजतपत्र प्राप्त संस्था, शैक्षिक परामर्शदाता संस्था, ट्राभल्स एजेन्सी र विभिन्न विचौलियाविरुद्ध उजुरीहरू प्राप्त भएको श्रम मन्त्रालयका सहप्रवक्ता थानेश्वर भुसालले जानकारी दिनुभयो।

"विदेशमा रोजगारीको अवसर प्राप्त भइसकेपछि यस मन्त्रालयअन्तर्गत निकायबाट श्रम स्वीकृति नलिई विभिन्न वहानामा वैदेशिक रोजगारीमा जानु पूर्णतः गैरकानूनी कार्य हो", उहाँले भन्नुभयो। वैदेशिक रोजगारीको सन्दर्भमा नेपाली नागरिकलाई विदेशी भूमिमा अलपत्र पार्ने जो सुकै संस्था वा व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाहीको दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन प्रतिबद्ध रहेको मन्त्रालयले जनाएको छ । सरकारले वैदेशिक रोजगारीमा पुगेर पीडित बनेकालाई न्याय दिलाउन गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा कार्यदलसमेत गठन गरेको छ । श्रम मन्त्रालयलेसमेत वैदेशिक रोजगार विभागका निर्देशकको संयोजकत्वमा तत्काल प्रतिउत्तर कार्यटोली र यस मन्त्रालयका उपसचिवको संयोजकत्वमा मार्सल टोली गठन गरिसकेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : ब्यापारमा लाभ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : कार्यमा सफलता |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# छहरीखोलामा बेलिब्रिज निर्माण

**पोखरापत्र संवाददाता**

**म्याग्दी, १४ माघ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ छहरीखोलास्थित राहुघाट नदीमाथि बेलिब्रिज निर्माण भएको छ।

संयुक्त ऊर्जा कम्पनीद्वारा निर्माण शुरु भएको ठूलोखोला जलविद्युत् आयोजनाले २६ मिटर लामो बेलिब्रिज निर्माण गरेको हो । एक्काइस दशमलव तीन मेगावाट क्षमताको आयोजनाको विद्युत्गृह निर्माण स्थल जोड्ने बेलिब्रिजको शुक्रबार रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले उद्घाटन गर्नुभयो । बेलिब्रिज निर्माण भएपछि आयोजनाको विद्युत्गृह, सुरुङ निर्माणमा सहज, धौलागिरि आइसफल र सेञ्चुरी पदमार्गमा जाने पर्यटक, दुवाडी र ढाड गाउँका बासिन्दालाई सुविधा पुगेको स्थानीयवासी प्रकाश छन्त्यालले जानकारी दिनुभयो। पुल नहुँदा बर्खायाममा विद्युत्गृह निर्माणस्थल मूल सडकदेखि यातायात सम्पर्क विच्छेद हुने समस्या थियो।

अब बाह्रै महिना निर्माणको काम गर्न सकिने वातावरण बनेको ठूलोखोला जलविद्युत् आयोजनाका कर्मचारी राम खत्रीले बताउनुभयो। सुगुँरथलामा बाँध रहने आयोजनाको दुई हजार ७०० मिटर सुरुङ निर्माण भइरहेको छ । एक सय १२ मिटर सुरुङको अडिट निर्माण भइसकेको खत्रीले बताउनुभयो । गाउँपालिकाका अध्यक्ष भण्डारीले आयोजनाका साथै स्थानीयवासीलाई पनि सुविधा पुग्ने बताउनुभयो।

संयुक्त ऊर्जा र तुदी हाइड्रोपावरले मौवाफाँट हुँदै दग्नाम, दर्मीजा, चिमखोला, घ्याँसीखर्क जोड्ने सडकको अजिङ्गर भिरमा मार्ग निर्माणमा गाउँपालिकासँग साझेदारी गरेका थिए। राहुघाट नदीमा एकै साथ ८३.५ मेगावाट क्षमताका दुई वटा जलविद्युत् आयोजना निर्माण गरिरहेको तुदी पावर कम्पनीले यसअघि रघुगङ्गा-७ चिमखोलाको बगर खोलामा ३० मिटर लामो बेलिब्रिज बनाएको थियो । सो बेलिब्रिजबाट चिमखोला र कुइनेमङ्गलेका स्थानीयवासीहरुलाई पनि सुविधा पुगेको छ।

पैँतीस मेगावाट क्षमताको राहुघाट मङ्गले जलविद्युत् आयोजना निर्माणस्थल जोड्ने सडकअन्तर्गत बगरखोलामा बनेको पुलले चिमखोला र कुईनेमङ्गलेका दुई वटा वडालाई सिधा सडक यातायात सञ्जालसँग जोडेको छ।

# नदी नियन्त्रण योजना कार्यान्वयनमा ढिलासुस्ती

पोखरापत्र संवाददाता

म्याग्दी, १४ माघ

कालीगण्डकी नदी नियन्त्रण योजना कार्यान्वयनमा भएको ढिलासुस्तीले म्याग्दीको जिल्ला सदरमुकाम बेनीबजार कटानको जोखिममा परेको छ ।

हिउँद सकिनलाग्दा समेत कालीगण्डकी र म्याग्दी नदीको दोभानमा अवस्थित बेनीबजार संरक्षणका लागि सञ्चालित नदी नियन्त्रण आयोजनाको काम सुरु भएको छैन । नदी नियन्त्रण योजनामा भएको ढिलाइले बेनीको कालीपुल, गणेशटोल, सङ्गमचोक र मङ्गलाघाट क्षेत्र कटानको जोखिममा परेको स्थानीयवासी टङ्क हमालले बताउनुभयो ।

"कालीगण्डकीमा गत असार १ गते आएको बाढीले बेनीको सङ्गमचोक पछाडि र कालीपुल बसपार्क क्षेत्रमा यसअघि निर्माण भएको करिब १०० मिटर ग्याबियन पर्खाल भत्काएर कटान गरेको थियो", उहाँले भन्नुभयो, "हिउँदको सुरुआतमै हुनुपर्ने नदी नियन्त्रणको काम मध्य माघ हुँदासमेत सुरसार नहुँदा बर्खामा बाढीले कटान गर्ने जोखिम बढेको छ ।"

गर्मी सुरु भएपछि नदीमा पानीको सतह बढ्ने, बाढी आएपछि काम अधुरो हुने र लगानी खेर जाने जोखिम हुन्छ । नदी नियन्त्रण योजनालाई छिटो सुरु गराउन नगरपालिकाले ताकेता गर्नुपर्ने हमालको भनाइ छ । जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा रहेको बेनीबजारमा एक हजारभन्दा बढी घरधुरीको बसोबास छ । रुपान्तरण संरक्षण एकीकृत विकास परियोजनाले बेनीबजारमा नदी नियन्त्रणको काम गर्दै आएको छ । ठेक्का सम्झौता भइसकेकाले केही दिनमै ठेकेदारले बेनीको कालीपुल र सङ्गमचोकको कालीगण्डकी किनारमा नदी नियन्त्रणको काम सुरु गर्ने परियोजनाका इन्जीनियर कृष्ण विश्वकर्माले बताउनुभयो । "दुई ठाउँमा ३४० मिटर पक्की पर्खाल निर्माण गर्न ठेक्का सम्झौता भइसकेको छ", उहाँले भन्नुभयो, "यसपालि रु चार करोड बजेट विनियोजन भएको बेनीबजार संरक्षण आयोजनाको रु नौ करोडको ठेक्का लगाएर थप बजेटका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा प्रस्ताव गरेका छौँ ।"

इन्जीनियर विश्वकर्माका अनुसार कालीपुल र सङ्गमचोक पछाडि म्याग्दी जेसिजको भवन नजिकै १७०-१७० मिटर पर्खाल निर्माण गर्न ठेक्का सम्झौता भएको छ । परियोजनाले गत वर्ष म्याग्दी बेनीतर्फ रु तीन करोड र पर्वत बेनीतर्फ रु दुई करोड बराबरको नदी नियन्त्रणको काम गरेको थियो ।

# डा. आरसी लामिछानेको 'खुशी हुँदै फर्कन स्वदेश' बोलको गीत सार्वजनिक

पोखरापत्र संवाददाता

पोखरा, १४ माघ




विकासविद् तथा सकारात्मक सोचका अभियन्ता डा. आरसी लामिछानेद्वारा लिखित 'हामी सबैले सक्दछौं' पश्चात अर्को गीत 'खुशी भएर फर्कन स्वदेशमा' बोलको गीत सार्वजनिक भएको छ । उत्प्रेरणा मुलक उक्त गीत इरिप्स नामक युदुव च्यानलबाट सार्वजानीक भएको हो ।

विभिन्न कारणले प्रदेशमा गएर काम गर्न बाध्य युवा युवतीलाई काम गर्न सकारात्मक उर्जा मिलोस् र प्रदेशको बसाइ सहज हुने मनस्थिति बनोस् एवम् परिवारका सदस्यहरुसँग सकारात्मक सन्देश आदान प्रदान गर्न हौसला बढोस् भन्न भाव बोकेको उक्त गीतले बोकेको छ । सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) नेपालका पूर्व कार्यकारी निर्देशकसमेत रहेका लामिछानेले गीतमा गायक एवम् सङ्गीतकार नरहरी प्रेमी र गायिका सुमिना लोसँगै टेरेसा विश्वकर्मा र अनिल श्रेष्ठको स्वर रहेको छ भने लक्ष्यप्रकाश मल्लले सङ्गीत संयोजन गरेका छन् । हामीले दृष्टिकोण वदल्न सक्यौं भने देश भित्र नै धेरै अवसरहरु सिर्जना गर्न सक्दछौं, देश भित्र नै उद्यम विकासका अपार अवसर र संभावनाहरु भएको कुरा गीतले देखाएको सर्जक लामिछानेले बताए । 'निराश भई विदेशमा वस्नु भन्दा खुशी हुँदै स्वदेश फर्केर परिवारका सदस्यहरु मिलेर बाँझो खेतमा उत्पादन गरेर र स्वदेशमा नै उद्यम गरेर पनि सम्पत्ति कमाउन सकिने पयाप्त अवसरह छन भन्ने सन्देश गीतले दिन खोजेको छ ।' लामिछानेले भने । गीतले परिवारका सदस्यहरुका सकारात्मक उपलब्धीहरु, सकारात्मक सन्देशहरु र सकारात्मक शब्दहरु नै प्रदेशी जीवनका उत्साह र उमंगका श्रोतहरु भएको कुरामा जोड दिएको उनले बताए । डा लामिछानेका अनुसार मानिस भित्र अथाहा सकारात्मक उर्जा हुन्छ र यदि मानिसमा भएको सकारात्मक उर्जालाई वढाउन सके संसारै उज्यालो बनाउन सकिने सन्देश सहितको यो गीत विभिन्न सकारात्मक सोच जगाउन आयोजना गरिने तालिममाका लागि पनि प्रभावकारी हुन सक्दछ ।

करिव १७ वर्षदेखि प्रशंसनीय खोज सम्बन्धी तालिम दिदै आएका लामिछानेले अमेरीकाको केस वेस्टन विश्वविद्यालयबाट प्रशंसनीय खोजमा अध्ययन पनि गरेका छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सकारात्मक सोच र प्रसंसनीय खोज र व्यवस्थापन तथा शान्ति निर्माणका प्रशिक्षक समेत रहेका डा. लामिछानेले नेपाल लगायत चीन, भारत, बंगालादेश, फिलिपिन्स, दक्षिण अफ्रिका, कोरीया, थाइल्याण्ड, मलेशीया टर्की, श्रीलंका लगायतका देशहरूमा विभिन्न कार्यक्रमहरुमा सहजीकरण गरेका छन् । हाल पोखरा महानगरपालिका सहरी योजना आयोगको उपाध्यक्षको रुपमा कार्यरत लामिछानेका गीत युदुवमा सुन्न सकिन्छ ।

# नगरपालिका र अदालतको सेवा स्थगित

पोखरापत्र संवाददाता

बागलुङ, १४ माघ

पदाधिकारी र कर्मचारी नै कोरोना सङ्क्रमित भएपछि यहाँका सार्वजनिक निकायका सेवा प्रभावित भएका छन् । कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको तीव्र फैलावटलाई हेरेर कतिपय कार्यालयले सेवा स्थगन गरेका छन् ।

बागलुङ नगरपालिकाले आजदेखियहीमाघ२१गतेसम्मलाई अत्यावश्यकबाहेकका सबै नियमित सेवा सेवा बन्द गरेको छ । जनप्रतिनिधि, कर्मचारी र नगरवासीमा तीव्रगतिमा सङ्क्रमण फैलिएकाले सेवा प्रवाहलाई स्थगन गर्नुपरेको नगरपालिकाका सूचना अधिकारी युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

कर्मचारी नै सङ्क्रमित भएर आइसोलेशनमा बस्नुपरेकाले दैनिक सेवा सञ्चालनमा बाधा उत्पन्न भएको उहाँको भनाइ छ । कन्ट्याक्ट ट्रेसिङमा परेका कारणले पनि कतिपय कर्मचारी कार्यालय आउन सकेका छैनन् । नगरपालिकाअन्तर्गत वडा र विषयगत शाखाबाट प्रदान हुने सेवा पनि स्थगन भएको जनाइएको छ । जिल्ला अदालतले पनि आइतबारदेखिआउँदो२५गतेसम्मलाई अत्यावश्यकबाहेकका नियमित सेवा स्थगन गर्ने निर्णय गरेको छ । न्यायाधीश र कर्मचारीमासमेत कोरोनासङ्क्रमणदेखिएकालेसेवा प्रवाह स्थगन गर्नुपरेको अदालतले जनाएको छ । मुलुकी फौजदारी संहिता, बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञा निवेदन दर्ता र सुनुवाइ, अभियोगपत्र दर्ता, चालु मुद्दाको मिलापत्र र फिर्ता जस्ता अत्यावश्यकीय सेवा भने नियमित सञ्चालनमा रहने अदालतले जनाएको छ ।

सेवा स्थगन भएको अवधिमा मुद्दा, रिट तथा निवेदनहरूमा रहेका हदम्याद, म्याद र तारेख भने नगुज्रने अदालतले स्पष्ट पारेको छ । गत आइतबारदेखि मालपोत कार्यालयको सेवा पनि प्रभावित छ । चार कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको र अन्य कर्मचारीमा मिल्दाजुल्दा लक्षण देखिएर घरमै एकान्तबासमा बसेकाले अत्यावश्यकबाहेकका सेवा बन्द गर्नुपरेको मालपोत अधिकृत देवेन्द्रबहादुर थापाले बताउनुभयो ।

सेवाग्राहीको भीडभाड हुने जिल्ला प्रशासन, अदालत, मालपोत, नापी, यातायातजस्ता सरकारी कार्यालयमा सङ्क्रमणको जोखिम बढी छ । सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र सुरक्षित बनाउन जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले नयाँ नियम तोकेको छ । बढ्दो सङ्क्रमणलाई दृष्टिगत गरी जिल्ला प्रशासन, मालपोत र नापी कार्यालयले अबदेखि स्थानीय तहअनुसार दिन बाँडेर सेवा दिन थालेका छन् । बैंक तथा वित्तीय संस्थासहित सबै सार्वजनिक निकायबाट सेवा लिन १८ वर्ष उमेर पुगेका व्यक्तिलाई खोप कार्ड अनिवार्य गरिएको छ ।स्वास्थ्य कार्यालयको आँकडाअनुसार जिल्लामा हाल ५४१ कोरोनाका सक्रिय सङ्क्रमित छन् । पछिल्ला दिनमा सङ्क्रमितको सङ्ख्या बढ्दो क्रममा छ । बिहीबार मात्र ८८ जनामा कोरोना पुष्टि भएको कार्यालयका कोभिड-१९ स्रोत व्यक्ति देवप्रकाश घिमिरेले जानकारी दिनुभयो ।

# बागलुङमा थपिँदै सुविधासम्पन्न होटल

पोखरापत्र संवाददाता

बागलुङ, १४ माघ

बागलुङमा सुविधासम्पन्न होटल थपिँदै गएका छन् । बागलुङमा थपिँदै गएका पर्यटकीय गन्तव्यका कारण पर्यटकको आकर्षण बढिरहेको भए पनि कोरोनाका कारण अहिले समस्या छ । जिल्लामा सुविधासम्पन्न होटल तथा रेष्टुराँ खुल्ने क्रम भने जारी नै रहेको छ ।

बागलुङमा पछिल्लो समय होटल रेड एप्पल, होटल दि राजन र सगुन होटल सञ्चालनमा आएसँगै अहिले जिल्लाको प्रवेशद्वार कालिका मन्दिर गेटमा सुविधासम्पन्न 'भिआइपी पर्यटक'होटल सञ्चालनमा ल्याइएको छ । बागलुङ बजारभन्दा अलि तल शान्त वातावरणमा डिलक्स कोठासहित कालिका मल्टिप्यालेस नामक सुविधासम्पन्न होटल सञ्चालनमा ल्याइएको छ । उन्नाइस वर्षदेखि होटल व्यवसायमा जम्दै आउनुभएका अर्जुन चोखालले बागलुङ कालिका मन्दिर गेटमा सुविधासम्पन्न होटल सञ्चालनमा ल्याउनुभएको छ । पाँच वर्ष काठमाडौंको ठमेल र १४ वर्षदेखि बागलुङ बजारमा होटल समिट धवलागिरि सञ्चालन गर्दै आउनुभएका चोखालले कालिका मन्दिरमा आउने पाहुना लक्षित गर्दै ३५ बेड क्षमताको कालिका मल्टिप्यालेस सञ्चालनमा ल्याउनुभएको छ ।

विसं २०६५ बाट रु ४२ लाखको लागतमा बागलुङ बजारमा होटल समिट धवलागिरि सञ्चालन गर्दै आउनुभएका चोखालले होटल व्यवसाय फस्टाउँदै गएपछि कालिका मन्दिर गेटमा रु चार करोडको लागतमा कालिका मल्टिप्यालेस नामक होटल हालैदेखि सञ्चालनमा ल्याउनुभएको छ । कोरोना महामारीको समयमा होटल व्यवसायी समस्यामा पर्दै आए पनि दीर्घकालीन सोचका साथ होटल व्यवसायमा करोडौं लगानी गरेको होटलका सञ्चालक अर्जुन चोखालले बताउनुभयो । चोखालले बागलुङ आएका पर्यटक बास बस्नकै लागि पोखरा पुग्ने अवस्थाको अन्त्य गर्न सुविधासम्पन्न होटल सञ्चालनमा ल्याएको बताउनुभयो । उहाँले बागलुङमा स्टार होटलको खाँचो रहेको बताउनुभयो । "होटल व्यवसायमा लागेको १९ वर्षको अनुभवले होटल व्यवसायको सम्पूर्ण आम्दानी होटल व्यवसायमै लागानी थप्दै गएको छु", उहाँले भन्नुभयो, " विसं २०७३ मा सञ्चालनमा आएको कालिका मल्टिप्यालेमा बस्ने व्यवस्था थिएन, अहिले ३५ बेड क्षमताको एसी डिलक्स कोठासहितको सेवा थप गरेको छु, मल्टिप्यालेसमा मात्रै रु चार करोड लगानी गरिसकेको छु ।"

देशका विभिन्न स्थानबाट कालिका मन्दिर दर्शन गर्न आउने तर राम्रो होटल नभएको भन्दै पोखरा फर्केर बस्ने परिपाटी रहेकाले मन्दिरको प्रवेशद्वारमा पर्यटक लक्षित गर्दै होटल सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । होटल व्यवसायी सङ्घ गण्डकी प्रदेशका संयोजक तथा बागलुङ पर्यटन विकास समितिका सचिवसमेत रहनुभएका चोखालले कालिका मल्टिप्यालेसले पाहुनालाई सन्तुष्टि दिने गरी होटल सञ्चालनमा ल्याएको बताउनुभयो ।

जिल्लामा रिसोर्ट तथा स्टार होटलको अझै खाँचो रहेको बागलुङ पर्यटन विकास समितिका अध्यक्ष राजु खड्काले बताउनुभयो । खड्काले ढोरपाटनमा सुविधासम्पन्न होटल नभएकै कारण विदेशी पर्यटक हेलिकोप्टर चार्टर्ड गरेर ढोरपाटन आउने जाने गर्ने गरेको बताउनुभयो । ढोरपाटन आएका पर्यटकले समेत ढोरपाटनमा सुविधासम्पन्न होटल नभएको भन्दै हेलिकोप्टर चार्टर्ड गरेर पोखरा र काठमाडौं पुनपुर्ने बाध्यता रहेको बताउँदै आएका छन् ।

# विश्वकप ग्लोबल छनोटको उद्घाटन खेल नेपाल र ओमनबीच हुने

रासस

काठमाडौं, १४ माघ

आइसिसी विश्वकप टी-२० ग्लोबल छनोट 'ए' अन्तर्गतको उद्घाटन खेलमा नेपाल आयोजक राष्ट्र ओमानसँग खेल्ने निश्चित भएको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले आज सार्वजनिक गरेको टी-२० ग्लोबल छनोटको खेल तालिकाअनुसार नेपाल र ओमनबीच उद्घाटन खेल हुने निश्चित भएको हो ।

ग्लोबल छनोटअन्तर्गत नेपाल समूह 'ए' मा परेको छ । नेपालको समूहमा ओमान, बहराइन, क्यानडा, जर्मनी, आयरल्यान्ड, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स (युएई) छन् । यी आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ । जसमा समूह एकमा नेपाल, ओमन, क्यानडा, र फिलिपिन्स छन् भने समूह दुईमा आयरल्यान्ड, युएई, बहराइन र जर्मनी छन् । ओमनमा नै आयोजना हुने उद्घाटन खेल आगामी फागुन ६ गते हुनेछ ।

यस समूहमा फाइनल पुग्ने दुई टोलीले आगामी अक्टोबर नोभेम्बरमा अष्ट्रेलियामा हुने टी२० विश्वकपमा स्थान बनाउने छन् । त्यसैगरी नेपालले आफ्नो दोस्रो खेल फिलिपिन्ससँग फागुन ७ मा खेल्नेछ भने तेस्रो खेल क्यानडासँग फागुन ९ गते खेल्नेछ ।

नेपालले विश्वकप छनोट खेल्नुअघि चार देशसम्मिलित टी-२० सिरिज खेल्नेछ । ओमानमा हुने उक्त सिरिजमा नेपालसहित युएई, आयरल्यान्ड र घरेलु टोली ओमनबीच प्रतिस्पर्धा हुनेछ । उक्त सिरिज माघ २८ देखि फागुन २ गतेसम्म हुनेछ ।

नेपालले पहिलो खेल माघ २८ गते ओमानसँग खेल्नेछ भने दोस्रो खेल माघ २९ गते युएईसँग खेल्नेछ । त य र तै नेपालले तेस्रो खेल फागुन २ गते आयरल्यान्डसँग खेल्नेछ ।

# सार्वजनिक सवारीमा जोरविजोर हट्यो

रासस

काठमाडौं, १४ माघ

काठमाडौं उपत्यकामा सार्वजनिक सवारी साधान (बस माइक्रो र टेम्पु) मा लगाइँदै आइएको जोरविजोर प्रणाली हटाइएको छ । काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीसहितको आजको बैठकले स्वास्थ्यका सबै मापदण्ड प्रयोग गरी सञ्चालन गर्ने गरी जोरबिजोर प्रणाली हटाएको हो । यद्यपि निजी सवारी साधान (दुई पाङ्ग्रेसहित) र ट्याक्सीमा भने जोरबिजोर प्रणाली कायमै रहेको स्थानीय प्रशासनद्वारा आज जारी आदेशमा उल्लेख छ तर अत्यावश्यक र तोकिएका सवारी साधनमा भने जोरबिजोर लागू हुने छैन । सवारी सञ्चालन गर्दा सिट क्षमताभन्दा बढी यात्रु नराखी स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पालना गर्ने भनिएको छ । लामो दूरीमा चल्ने सवारी साधानले भने बीच बाटोमा यात्रु नचढाउने गरी सुरुदेखि अन्तिम गन्तव्यसम्म सञ्चालन गरी विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रमा उपलब्ध गराउन भनिएको छ । अन्य अत्यावश्यक तथा तोकिएका सवारीसाधानलाई यसअघि जारी आदेशानुसार हुने जनाइएको छ । आदेशमा औषधि एवं स्वास्थ्य सामग्री बोकेका, एम्बुलेन्स, दमकल, शव वाहन, ग्यास, पेट्रोलियम पदार्थ बोकेका सवारी साधन (चालक सहचालक मात्र) मा जोरबिजोर प्रणाली लागू हुने छैन । खाद्यान्न दुधजन्य पदार्थ, फलफूल, तरकारी, पानी, अण्डा, माछामासु, पशुपक्षी, दाना, एवं कृषि तथा पशुजन्य सामग्री बोक्ने सवारीसाधान पनि निर्वाध रूपमा सञ्चालन गर्न पाइने छ ।

# पर्वत र बागलुङको सिमानामा प्रहरी पोष्ट स्थापना

पोखरापत्र संवाददाता

पर्वत, १४ माघ

बागलुङ र पर्वतको सिमानामा पहिलोपटक प्रहरी पोष्ट स्थापना गरिएको छ । पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गामा बिहीबारदेखि अस्थायीप्रहरी पोष्ट सञ्चालनमा आएको हो ।

बढ्दो जनघनत्वसँगै हुनसक्ने गैरकानुनी गतिविधि रोकथाम गर्नका लागि मध्यपहाडी लोकमार्ग र कालीगण्डी करिडोरको मिलनविन्दुसमेत रहेकाले उक्त स्थानमा प्रहरी पोष्ट स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीले जानकारी दिनुभयो । दुवैतर्फका राजमार्गमा हुनसक्ने सवारी दुर्घटना न्यूनीकरण गर्न र कालीगण्डकी नदीबाट हुनसक्ने गिट्टी, बालुवाको अवैध उत्खनन नियन्त्रण गर्न प्रहरी पोष्टले ठूलो भूमिका खेल्ने बुढाथोकीले बताउनुभयो ।

अस्थायी प्रहरी पोष्टको प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले शुभारम्भ गर्नुभएको हो । उहाँले यो पोष्टबाट चौबीसै घण्टा नागरिकलाई सेवा प्रवाह गर्न आग्रह गर्नुभएको छ । प्रहरी प्रधान कार्यालयको कार्यविभाग प्रशासन शाखाको यही माघ ५ गते र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा कार्यशाखाको माघ ६ गतेको पत्रको आदेशानुसार अस्थायी प्रहरी पोष्ट सञ्चालनमा ल्याइएको प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले जानकारी दिनुभयो ।

कुश्मा-१ का कार्यवाहक वडाध्यक्ष वीरेन्द्र रिजालले लामो समयदेखि माग गर्दै आएको प्रहरी पोष्टको माग पूरा भएको बताउनुभयो । उहाँले दुई जिल्लाको सिमानामा हुने गैरकानुनी क्रियाकलाप र राजमार्गको सुरक्षाका लागि यसको ठूलो महत्व रहेको बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २८ सोता खोला गौतम टारी सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः सोता खोला गौतम टारी सडक निर्माण**

**स्थानः पोखरा-२८, काफलघारी, गौतमटारी**

**योजना सम्झौता मिति : २०७८/०९/१२ गते**

**योजना सुरु मितिः २०७८/०९/१५ गते**

**योजना सम्पन्न मिति : २०७८/०९/२८ गते**

**योजनाको कुल लागत : रु. ६,६६,६६१-**

**महानगरपालिकाबाट प्राप्त रकम : रु.६,००,०००।-**

**जन सहभागितावाट : रु.६६,६६१-**

**उपभोक्ता समिति अध्यक्षः इन्द्र प्रसाद गौतम**

**सचिवः पुकार गौतम**

**जम्मा सदस्यः ७ महिला सदस्य संख्याः ३**

**सोता खोला गौतम टारी सडक निर्माण उपभोक्ता**

**पोखरा-२८, काफलघारी, गौतमटारी**